मितिः २०८३/०१/०९

१) हेल्लो सरकार,
प्रधानमन्त्री कार्यालय,
सिंहदरबार, काठमाडौं ।

२) माननिय अर्थमन्त्रीज्यू,
अर्थ मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

३) माननिय गृहमन्त्रीज्यू,
गृह मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

४) श्रीमान प्रमुख आयुक्तज्यू,
अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
नक्साल, काठमाडौं ।

५) श्रीमान गर्भनरज्यू,
नेपाल राष्ट्र बैंक,
बालुवाटार, काठमाडौं ।

६) श्रीमान महानिर्देशकज्यू,
आन्तरिक राजस्व विभाग,
लाजिम्पाट, काठमाडौं ।

७) श्रीमान प्रहरी महानिरीक्षकज्यू,
प्रहरी प्रधान कार्यालय,
नक्साल, काठमाडौं ।

८) श्रीमान प्रमुखज्यू,
केन्द्रिय अनुसन्धान ब्यूरो ।
महाराजगञ्ज, काठमाडौं ।

विषयः आवश्यक छानबिन तथा कारवाही गरिपाँऊ ।

उपरोक्त सम्बन्धमा, हामी निवेदकहरु हामी लगायत अन्य धेरै सर्वसाधारणहरु माथि सि.ई. कन्स्ट्रक्सन प्रा.लि. तथा यसका अध्यक्ष विजय बहादुर राजभण्डारी तथा संचालकहरु श्याम श्रेष्ठ र गोपाल मानन्धरहरुले गरेको गैरकानूनी कार्यले गर्दा हामीहरुलाई भएको अन्यायको सम्बन्धमा अरु कुनैपनि उपाय नभएपछि बाध्य भएर यो निवेदन गरेका छौं । हामीहरुमाथि निजहरुले गरेको धोका तथा ठगी कार्यहरुको विभिन्न निकायहरुमा जानकारी गराउँदा पनि हालसम्म केही कारवाही नभएको हुँदा कारवाहीको आशामा फेरी यो निवेदन गरिएको तर निज सि.ई. कन्स्ट्रक्सन प्रा.लि. को अध्यक्ष विजयबहादुर राजभण्डारी लगायतले हामीलाई प्रत्यक्ष रुपमा ज्यान कै धम्की

दिँदै आएको हुँदा यो निवेदन गर्दा बाध्य भएर आफ्नो पहिचान पनि खुलाउन नसक्ने अवस्था भएकोले हामीहरु माथि भएको अन्यायको बारेमा तथा भ्याट तथा कर समेत नतिरी बसि नेपाल सरकारलाई समेत खुल्ला रुपमा चुनौती दिँदै आएको कुराका सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउँदै आवश्यक कारवाही समेत गरि नेपालमा कानून छ भनि प्रमाणित गरिपाँऊ भनि हार्दिक अनुरोध गर्दछौं ।

१) **<u>बैंकको मिलेमतोमा हाउजिङ्गको घरयूनिट खरिद गर्ने सर्वसाधारण माथि भएको ठगी सम्बन्धमा:</u>**

यस सम्बन्धमा हामी निवेदकहरु निम्नबमोजिम जानकारी गराउँदछौं ।

क) निज विजय बहादुर राजभण्डारीले सि.ई. कन्स्ट्रक्सन प्रा.लि. अधिन नयाँ कमिटेड इन्टरप्रेनर रियल इस्टेट प्रा.लि. नामको कम्पनी बनाई सोबाट ललितपुरको हात्तीवनमा बनाएको हात्तीवन हाउजिङ्गमा विभिन्न घरहरु बनाई बिक्रि गर्दा हामीहरुले पनि घरहरु किनेका थियौं हाल त्यही घरमा नै ५-७ वर्ष देखि बसोबास गरिरहेका छौं । उक्त हाउजिङ्ग परियोजनाको सम्पूर्ण ऋण नेपाल एसबिआई बैंक लि.बाट गरिएको रहेछ र पछि हामीहरुले घर किनेपछि सि.ई. कन्स्ट्रक्सन प्रा.लि.को कमिटेड इन्टरप्रेनर रियल इस्टेट प्रा.लि. लाई घर यूनिट बापतको सबै रकम तिरि भुक्तानी समेत गरिसकेका छौं ।

ख) यसरी हाउजिङ्गको घर किनेर सम्पूर्ण रकम तिरेपछि उक्त घरयूनिट हामीहरुको नाममा दर्ता नामसारी गरि लालपूर्जा पाउनु पर्नेमा हामीहरुको नाममा घर पासगरि दर्ता गर्न आनाकानी गर्दै निज विजय बहादुर राजभण्डारीले झुलाउने र विभिन्न बाहना गर्न थालेपछि हामीहरुले के भएको भनि बुझ्दा अचानक हामीहरुको घरयूनिटको कित्ता नम्बरहरु सहित प्रभु बैंकको मिति २०८२/०१/०९ को लिलामी सूचना पत्रिका देखेपछि हामी अचम्ममा परि बुझ्दा हामीहरुलाई सारै नै भ्रम र धोकामा राखेको थाहा भयो ।

ग) हामीहरुले आवश्यक रकम भुक्तानी गरिसकेको अवस्थामा एक बैंकमा रोक्का रहेको र रकम तिरेको आधारमा हाम्रो नाममा घरपास गर्नुपर्नेमा निजहरुले दोहोरो रोक्का र धितो हुने गरि एसबिआई बैंक र प्रभु बैंक दुवैसंग मिलोमतो गरि प्रभु बैंकमा समेत धितो राखेको कुरा बुझ्नमा आयो । यसरी दुवै बैंकहरु समेतको मिलेमतोमा हामीहरुलाई ठगी गरेको ज्ञात हुन आएपछि हामीहरुले सम्बन्धित बैंक तथा नेपाल राष्ट बैंक लगायत विभिन्न निकायहरुमा जानकारी गराउँदापनि हालसम्म कुनै कारवाही नभएको तर हामीहरु भने आफ्नो जिन्दगीभरको कमाई लगाएर किनेको घर नै गुमाउने र बिचल्ली हुने अवस्था पुगेकोले पनि बाध्य भएर यो निवेदन गर्दछौं ।

घ) हामीहरुले घरयूनिट बापतको सबै रकम तिरेपछि सम्झौता बमोजिमको घरहरु हामीहरुको नाममा पास गर्नुको सट्टा नेपाल एसबिआई बैंक लि. मा धितो रोक्का हुँदा हुँदै उक्त परियोजना फेरी अर्को प्रभु बैंक लि.मा दुवै बैंकहरुसंगको मिलेमतोमा लगि धितो राखि रकम झिकि खाएको र हामीहरु घर किन्नेलाई घर नदिई दोहोरो रुपमा बैंक ऋण झिकि निज विजयबहादुरले बैंकका कर्मचारीहरु समेतलाई मिलाई हामीहरुलाई प्रत्यक्ष रुपमा ठगी गरेको देखिन्छ । यहाँ एक बैंकमा रोक्का भएको परियोजनाको घरयूनिट बापतको रकम चुक्ता हुँदै गर्दा खरिकर्ताको नाममा घर पास गरिदिनु पर्नेमा नेपाल एसबिआई बैंकमा रोक्का रहँदा कै अवस्थामा फेरी प्रभु बैंकमा कसरी रोक्का हुन सक्यो त्यो पनि छानबिन गरि विजयबहादुर तथा बैंकहरुलाई समेत कारवाही गर्न आवश्यक देखिन्छ ।

ङ ) यसरी निज विजयबहादुरले बैंकहरुसंगको मिलोमतोमा हामीहरुलाई ठगी गरेको थाहा पाई हामी बैंकहरुमा समेत गई कुरा गर्दा दोहोरो धितो तथा रोक्का कसरी हुन गयो भन्ने सम्बन्धमा कुरा लुकाएर उल्टै हामीहरुलाइ धम्काउने र बिचल्ली पार्ने गरि प्रभु बैंकले गत २०८२ बैशाखमा लिलामीको ३५ दिने सूचना निकालेको थियो । पछि उक्त सूचना बमोजिम केही नगरी फेरी विजयबहादुरले बैंकलाई मिलाएको र एकवर्ष भन्दा बढी हुँदासम्म पनि कुनै कारवाही नभएकोले पनि उक्त सूचना पनि देखावटी भई हामीहरुलाई अनावश्यक दबाव दिन गरिएको स्पष्ट भयो ।

च) यसरी एकपछि अर्को चाल चल्दै हामी बैंकको ऋण लिएर घर किन्नेहरुको बिजोग हुने गरि हालसम्म हामीहरुको घरयूनिट पास नभएको उल्टो हामीहरुको घरहरु समेत हाल दोहोरो बैंकको धितो बन्धकीमा परेको अवस्थाका बारेमा कुरा गर्दा सिई र यसका अध्यक्ष लगायतका व्यक्तिहरुले ज्यान समेतले राज्यशक्तिको दुरुपयोग गर्दै र शक्ति केन्द्रको आडमा गरेको हामी माथिको अन्याय र ठगी लगायतका गैरकानूनी कार्यहरुको सम्बन्धमा छानबिन गरि आवश्यक कारवाही समेत गरिपाँऊ । यसका सम्बन्धमा नेपाल राष्ट्र बैंकका समेत बैंकहरुले गरेको बदमाशीको बारेमा सूचना गर्दा तत्कालिन प्रम केपी ओलीको पिए राजेश बज्राचार्य र ओलीको गर्भनर समेतको आडमा हामीहरुलाई धाकधम्की दिई केही नभएको र हामीहरु घरबार बिहिन हुने अवस्था छ, तत्काले सिई र यसका अध्यक्ष लगायतका अन्य सम्बन्धित व्यक्तिहरु र बैंकहरु समेतलाई कारवाही गरिपाँऊ ।

२) **<u>भ्याट तथा अन्य करछलीको सम्बन्धमाः</u>**

यस सम्बन्धमा हामी निवेदकहरु निम्नबमोजिम जानकारी गराउँदछौं ।

क) सिई र यसका अध्यक्षले आफ्नो कारोबारको बेला उठाएको भ्याट रकम हालसम्म पनि भुक्तानी गरेको अवस्था देखिदैन । निजको ठगी प्रवृतिमा ठूला कर कार्यालय जस्तो जिम्मेवार निकायका केही कर्मचारीहरुसंगको साँठगाँठमा हाल व्याज तथा जरिवाना समेत गरि करीब रु.१०० करोड भन्दा बढी तिर्न बाँकी रहेको अवस्थामा समेत कारवाही नहुन आफैंमा तत्कालिन सरकारको गैरकानूनी कार्यलाई बढावा दिने भष्ट्र खेल हो भन्ने बुझिन्छ ।

ख) निज विजय बहादुरले ठुला करदाता कार्यालयको मिलेमितोमा सिमित कमृचारी र शक्ति केन्द्रको आडमा आफूले उठाएर सरकारलाई बुझाउनु पर्ने भ्याट बापतको रकम समेत नबुझाई हिनामिना गरेको र सोको सम्बन्धका केही नभएको र उल्टो धम्काउने तथा सार्वजनिक रुपमा नै यूटूब भिडियो बनाएर भ्याट नतिर्न हदबन्दीको कारणले घरजग्गा बेच्न नपाएको जस्ता विभिन्न बहाना गरेको र तत्कालिन सरकारका अर्थमन्त्री समेतलाई ज्ञापन पत्र दिएको देखिन्छ । कानूनबमोजिमको आफूले उठाएको भ्याट सरकारलाई नबुझाई उल्टो धम्काउँदै हिन्नेलाई तत्काले पक्राउ गरि आवश्यक कानूनी कारवाही गरिपाँऊ ।

ग) यस सम्बन्धमा ठूलाकरदाता कार्यालयले मिति २०८१/११/०६ मा सिई कन्स्ट्रक्सनलाई पत्र लेखेको देखिन्छ, जुन बेला नै रु.५३ करोड १६ लाख भन्दा बढीको भ्याट बापतको रकम बुझाउनु पर्ने देखिएकोमा हालसम्म उक्त रकम नितिर्दा समेत कुनै कारवाही नहुन आफैंमा कानूनको खिल्ली उडाएको अवस्था हो । यहाँ के बिचारणीय छ भने निज विजयबहादुर र सिईले गरेको जस्तो भ्याट सर्वसाधारण सामान्य व्यापारीले नबुझाएको अवस्था हुन्थ्यो भने कानूनबमोजिको कारवाही भई सक्थ्यो तर ठूला व्यापारीले गरेको गैरकानूनी कार्यहरुको हकमा शक्ति केन्द्रको आडमा हुने यस्ता गैरकानूनी कार्यहरु उपर अहिलेको सरकार पनि मूक दर्शक भएर बस्ने हो भने हामीले कानूनी

राज्यको आभाष कहिले पाउने सोच्ने समय आएको छ, नेपाल सरकारले आवश्यक कारवाही गरेर देखाउनु पर्ने अवस्था रहेको जानकारी गराउँदछौं ।

घ) निज विजयबहादुर र सिईले हदबन्दीको कारणले घरजग्गा बिक्रि गर्न नपाएर आफूहरुले भ्याट, कर र राजस्व समेत तिर्न नसकेको भनि सार्वजनिक रुपमा नै व्यक्त गर्दै आएको देखिन्छ । जुन कुरा भ्रम मात्र हो, आफूले हाउजिङ्गको काम गर्दा नै हदबन्दीको स्वीकृती लिई कार्य गर्नुपर्नेमा नगरी पहिले देखि नै कायम कानूनबमोजिम कार्य नगरि अहिले आएर बाहना मात्र गरि राजस्व समेत ठगी गरिरहेको अवस्थामा कुनै कारवाही नहुनु गलत हो, तत्कालै कारवाही होस ।

ङ) यसको अलावा निज विजयवहादुर र सिईले आफ्ना विभिन्न ग्रुप कम्पनीहरु मार्फत सरकारलाई करौडौंको अरु भ्याट, राजस्व तथा कर समेत तिर्न बुझाउन बाँकी रहेको हुँदा सो समेत उपर आवश्यक छानबिन गरि कारवाही गरियोस भनि माग गर्दछौं ।

यसरी विभिन्न शक्ति केन्द्रको आडमा सिई कम्पनी तथा यसका अध्यक्ष विजयबहादुर राजभण्डारी तथा संचालकहरुले गरेको ठगी, करछली, भ्याट रकमको हिनामिना लगायतका विषयहरु उपर यथाशक्य चाँडो छानबिन गरि कानुनबमोजि यथोचित कारवाही तथा सजाय गरिपाँउ र हामीहरुको नाममा सम्पूर्ण रकम भुक्तानी पछि हालसम्म पनि घरयूनिट पास भई लाजपूर्जा नपाएको हुँदा सो समेत दिलाई पाऊँ । साथै निजहरुको अपराधमा संलग्न हुने र मिलेमतो गर्ने बैंक तथा यसका सम्बन्धित कर्मचारी र ठूलाकर कार्यालयका कर्मचारीहरु समेत उपर पनि छानविन गरि कारवाही गरिपाँऊ ।

<u>निवेदकहरु</u>

हात्तीवन हाउजिङ्गका घरयूनिट खरि गर्ने खरिदकर्ता सम्पूर्ण पिडितहरु

**<u>संलग्न कागजातहरु:</u>**

१) ठूलाकरदाता कार्यालयले मिति २०८१/११/०६ मा सिई कन्स्ट्रक्सनलाई लेखेको पत्रको नक्कल

२) प्रभु बैंकले लिलामीको लागि निकालेको सूचनाको फोटोकपी

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
# ठूला करदाता कार्यालय
हरिहरभवन, ललितपुर
(संकलन शाखा)

☎
५० १० ०५० प्र.क.प्र.
५५ ५५ ९६८
५५ ५५ ९६९
५० १० ०५२
५० १०० ४९
५० १० ०५१ फ्याक्स
Email: lto@ird.gov.np

पत्र संख्याः २०८०/०८१
च.नं. ८६३१

मितिः २०८०/११/०६

श्री सि. ई. कन्स्ट्रक्सन प्रा.लि.
स्थायी लेखा नं.३०००५८३४९
ठेगानाः काठमाण्डौ म.न.पा.-११, त्रिपुरेश्वर ।
सम्पर्क नं.९८०१९७२६२४

विषयः बक्यौता रकम दाखिला गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा आन्तरिक राजस्व विभागको Integrated Tax System(ITS) को अभिलेख अनुसार त्यस लि.को तपसिल बमोजिम बक्यौता रहेको देखिएको छ। उक्त बक्यौता रकम दाखिला गर्नु नपर्ने भए वा दाखिला गरेको भए सोको प्रमाण पेश गर्नुहुन साथै दाखिला नगरेको भए ऐन नियम बमोजिम लाग्ने ब्याज समेत गणना गरी यो पत्र प्राप्त भएको मितिले ७(सात) दिनभित्र दाखिला गरी सोको प्रमाण पेश गर्नुहुन अनुरोध छ । अन्यथा आयकर ऐन, २०५८ को दफा १०४ देखि १०९, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ मा उल्लेखित प्रकृयाहरु अवलम्बन गरी सो बक्यौता रकम असुल उपर गरिने व्यहोरा निर्देशानुसार जानकारी गराइन्छ ।

तपशीलः

| क.सं. | बक्यौताको प्रकार | जम्मा बक्यौता रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | मू.अ.कर | ५३१६७५६३९.०० | मिति २०८०/११/०१ सम्मको ब्याज/शुल्क समेत |
| जम्मा रु. | | ५३१६७५६३९.०० | गणना गरिएको। |
| (अक्षरुपी त्रिपन्न करोड सोह्र लाख पचहतर हजार छ सय उन्नचालिस मात्र ।) | | | |

२०८०/११/६
(हृदय नारायण महतो)
कर अधिकृत
कर अधिकृत

## प्रभु बैंक लिमिटेड शाखा कार्यालय, कमलादीका
## तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई ऋण कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति: २०८२/०१/०९ गते मंगलबारको कान्तिपुर राष्ट्रिय दैनिक)**

यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.)को तपसिलमा उल्लेखित ऋणीहरुले लिएको कर्जाको व्याज एवं किस्ता (सांवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भई यस बैंकबाट पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ । अत: यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता भुक्तानी हुने मितिसम्मको बैंकलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्बन्धित ऋणी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । यो सूचना समेत बेवास्ता गरी उल्लेखित समयावधी भित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्र्यौट नगर्नु भएको खण्डमा तपाईं ऋणी तथा जमानतकर्तालाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सकिने, कर्जाको सुरक्षण बापत धितो रहेको सम्पत्ति तथा तहाँको अन्य कुनै वा सबै सम्पत्ति लगायत जमानतकर्ता समेतको सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्थाबाट असूल उपर गरिने र उपर्युक्तानुसारका सम्पत्तिबाट बैंकको कर्जा चुक्ता नभएको खण्डमा तहाँ ऋणी तथा जमानतकर्ताबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौं । आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा तथा बैंकको उल्लेखित काम कारवाहीबाट तहाँ ऋणी लगायत जमानतकर्ता उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण कर्जा चुक्ता फछ्र्यौट गर्नु हुने अपेक्षा गरिएको छ ।

**तपसिल**

**ऋणी तथा जमानतकर्ताको विवरण :**

| | |
|---|---|
| **ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६९/०६/२५ मा **दर्ता नं.** १०६७२३/०६९/०७० मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौंबाट मिति २०७२/१०/०८ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र न. ६०३८३४४४६ को प्रमाणपत्र प्राप्त **कमिटेड इन्टरप्रेनर रियल इस्टेट प्रा.लि.** । रजिष्टर्ड ठेगाना : काठमाण्डौं जि., काठमाण्डौं म.न.पा. वडा नं. ११, त्रिपुरेश्वर । | **जमानतकर्ता : विजय बहादुर राजभण्डारी** (ना.प्र.नं. ५५१४७/४५६०) जारी मिति : २०३१/११/०१ जारी गर्ने कार्यालय जि.प्र.का. काठमाण्डौ) । ठेगाना : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. २३ । बाबु : बिष्णु बहादुर राजभण्डारी बाजे : भैरव बहादुर राजभण्डारी । |
| जमानतकर्ता : गोपाल मानन्धर (ना.प्र.प.न ४२७४/१२५६, जारी मिति २०३४/०६/१६ जारी गर्ने कार्यालय जि.प्र.का. काठमाण्डौं) । **स्थायी ठेगाना** :काठमाण्डौं जिल्ला, काठमाण्डौं म.न.पा. वडा न १० । बाबु: चैत्य नारायण मानन्धर । बाजे: सिद्धि नारायण मानन्धर । | **जमानतकर्ता : श्याम मिलन श्रेष्ठ** (ना.प्र.नं. १९७७/१८०७२) जारी मिति २०४९/०६/०४ जारी गर्ने कार्यालय जि.प्र.का. काठमाण्डौं) । **ठेगाना** : काठमाण्डौं जिल्ला, काठमाण्डौं म.न.पा. वडा नं १३ । बाबु: रामानन्द श्रेष्ठ । बाजे: आनन्द प्रसाद श्रेष्ठ । |

**संस्थापक तथा संस्थागत जमानतकर्ता :** नेपाल सरकार (साविक श्री ५ को सरकार), उद्योग मन्त्रालय, उद्योग विभाग, काठमाण्डौंमा कम्पनी ऐन, २०२१ बमोजिम मिति २०४९/०१/१० गते प्रा.लि.न. ५१९७/०४८/०४९ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, ठूला कर कार्यालय, हरिहर भवन, ललितपुरबाट मिति २०५४/१०/३० मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०००५८३४९ को प्रमाणपत्र प्राप्त **सि.ई. कन्स्ट्रकन्सन प्रा.लि.** । रजिष्टर्ड ठेगाना : काठमाण्डौं जि., काठमाण्डौं म.न.पा. वडा नं. ११, त्रिपुरेश्वर ।

**धितो सुरक्षणको विवरण :**

१. श्री कमिटेड इन्टरप्रेनर रियल इस्टेट प्रा.लि.को नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, हरिसिद्धि गा.वि.स. वडा नं. २ नक्सा सिट २ख कित्ता नं क्रमस: १२७०, १२८५, १३८६, १२८८, १२८९, १२९१, १२५०, १२८१, १२९०, १२९२, १२८२, १२८३, १२८४, १२८७, १२९३, १२५१, १२५२, १२५३, १२५४, १२५५, १२५८, १२६१, १२६३, १२६४, १२६९, १२७६, १२५९, १२६०, १२६२, १२६५, १२६६, १२६७, १२६८, १२७१, १२७२, १२७३, १२५७, १२७४, १२७५, १२७६, १२७७, १२७८, १२७९, १२८०, ८२० र १११४ को क्षेत्रफल क्रमस: १५२.४४, १५७.००, १५७.००, १३४.००, १३४.००, १५९.००, १५२.९०, ३२५.८८, १५७.००, १५६.५९, १५५.००, १५५.००, १५७.००, १५७.००, १५९.५८, २०८.७२, १६७.९१, १५९.७६, १४९.१९, १६८.५५, १५७.६८, २६०.१९, २४८.८७, ३००.०७, २८०.७९, १५३.४९, १६५.९२, २३०.१४, १२३.७९, १७९.९३, २६४.०७, १६७.१३, १६८.५७, १५५.७९, १५३.१९, १५५.२८, १५५.६०, १५६.९८, १५५.८५, १५५.३६, १६५.५२, २३५.०७, १६६.००, ३०३.९४, १८२.८० र २३.८५ (वर्ग मि.) को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ......१

२. ऋणी कमिटेड इन्टरप्रेनर रियल इस्टेट प्रा.लि.को स्वामित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ......................१

३. श्री सि.ई. कन्स्ट्रक्सन प्रा.लि.को संस्थागत जमानी ..................१

**PRABHU BANK**

**प्रभु बैंक लिमिटेड**

**प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल**

**फोन नं. ०१-५७१९०००**